आज मिति २०८० माघ २९ गते ४४ औं भेरीगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगा बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री धन बहादुर कामी, का.वा वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री राम बहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सर्हविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारिहरु :**

श्री कृष्ण प्रसाद शर्मा, अधिकृत छैटौं
श्री कुल बहादुर खड्का, क.प्र. शाखा
श्री रेविका परियार, सहयोगी

| क.सं. | एजेण्डाहरु |
|---|---|
| १. | सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा । |
| २. | लक्षित बर्गको बजेट बाँडफाँड सम्बन्धमा । |
| ३. | बिभिन्न कानून तथा कार्यविधी निर्माण तथा संशोधन सम्बन्धमा । |
| ४. | योजना संशोधन सम्बन्धमा । |
| ५. | विविध सम्बन्धमा । |

## मिति २०८०।१०।२९ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :

**प्रस्ताव नं. १ : सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।**

निर्णय नं. १ : प्रस्तुत विषयमा सुरक्षित नागरिक आवास कार्यक्रमको लाभग्राही छनौटको सम्बन्धमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. २ : लक्षित बर्गको बजेट बाँडफाँड सम्बन्धमा ।**

निर्णय नं. २ : प्रस्तुत विषयमा यस भेरीगंगा नगरपालिकाको आ.व. २०८०/०८१ का लागि नगरसभाबाट लक्षित बर्गका लागि विनियोजन भएको १२ लाख रुपैयाँलाई तपसिल बमोजिमको लक्षित बर्गमा हुने गरी विनियोजन गर्ने, उक्त बजेटबाट लक्षित बर्गका लागि आय आर्जनका कार्यक्रमहरु संचालन गर्ने र सो कार्यक्रम सन्चालन गर्न सम्बन्धित शाखालाई जिम्मेवारी दिने निर्णय सर्बसम्मतिले पारित गरियो ।

तपसिल

| क.सं. | लक्षित बर्ग | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | दलित | ६,००,०००। | |
| २ | महिला तथा बालबालिका | २,५०,०००। | |
| ३ | अपांगता भएका व्यक्ति | १,००,०००। | |
| ४ | आदीवासी जनजाति तथा लोपोन्मुख जाति | १,००,०००। | |
| ५ | जेष्ठ नागरिक | १,००,०००। | |
| ६ | मधेसी, मुस्लीम, पिछडा बर्ग | ५०,०००। | |

**प्रस्ताव नं. ३ : बिभिन्न कानून तथा कार्यविधी निर्माण तथा संशोधन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ३ :** यस भेरीगंगा नगरपालिकालाई थप व्यबस्थित रुपमा सन्चालन गर्नका लागि तपसिल बमोजिमका कानून तथा कार्यविधी निर्माण तथा संशोधन गरी पारित गर्ने र स्थानीय राजपत्रमा प्रकाशन गर्ने साथै विधेयकहरु स्वीकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

तपसिल

**संशोधन स्वीकृती भएका कार्यविधी तथा मापदण्डहरु:**

१. आर्थिक सहायता सम्बन्धि कार्यविधी, २०७९, पहिलो संशोधन २०८०,

२. जटिल रोग र प्यारालाइसिसबाट पूर्णअशक्त भएका बिरामीहरुलाई उपचार खर्चसम्बन्धि कार्यविधि, २०७९, पहिलो संशोधन २०८०,

३. भेरीगंगा नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि तयार गरिएको मापदण्ड तथा आधारहरु, २०७९, पहिलो संशोधन २०८०,

४. स्थानीय पुर्वाधार विकास आयोजना सञ्चालन कार्यविधि, २०७९, पहिलो संशोधन २०८०,

**नयाँ स्वीकृती भएका कार्यविधीहरु:**

१. भेरीगंगा नगरपालिकाको घर बहालकर व्यवस्थापन कार्यविधि, २०८०

२. भेरीगंगा नगरपालिकाको व्यवसायकर सम्बन्धि कार्यविधी, २०८०

३. भेरीगंगा नगरपालिकाको जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०

४. महिला, शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धि दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धि भेरीगंगा नगरपालिका कार्ययोजना कार्यान्वयन स्थानीय समिति सम्बन्धि कार्यविधि, २०८०,

**आगामी कार्यपालिका बैठकमा थप छलफल गर्नुपर्ने कानुनहरु :**

१. भेरीगंगा नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८०

२. एकीकृत सम्पतिकर ब्यबस्थापन कार्यबिधि २०७५ लाई प्रतिस्थापन गर्न बनेको सम्पत्तिकर तथा भूमिकर व्यवस्थापन कार्यविधि, २०८०

३. भेरीगंगा नगरपालिका नगर योजना आयोग (गठन तथा संचालन) विधेयक, २०८०

४. भेरीगंगा नगरपालिकाको संस्था दर्ता विधेयक, २०८०

५. रोजगार सम्बाद मन्च सन्चालन कार्यबिधि २०८०

६. करारमा कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधी २०७५, पहिलो संशोधन, २०८०

साथै यस भेरीगंगा नगरपालिकामा रहेका लक्षित बर्गको क्षमता अभिवृद्धि, सीप विकास तथा आयआर्जन लक्षित कार्यक्रम संचालनका लागि भेरीगंगा नगरपालिकाको लक्षित बर्ग सशक्तिकरण कार्यविधी २०८० निर्माण गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : योजना संशोधन सम्बन्धमा ।**

**निर्णय नं. ४ :** यस भेरीगंगा नगरपालिकाका संशोधन गर्नुपर्ने बाँकी योजनाहरु आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ५ : विविध सम्बन्धमा ।**

**निर्णय नं. ५ :** प्रस्तुत विषयमा तपसिल बमोजिमका विविध निर्णय सर्बसम्मतिले पारित गरियो ।

**निर्णय नं. ५ (क) :** यस भेरीगंगा नगरपालिकाको वडा नं. ६ मा सहकारीसंगको सहकार्यमा अधुरो कृषि उपज संकलन केन्द्र निर्माणका लागि दोश्रो पटक बोलपत्र आह्वान गरिएकोमा कुनैपनि निर्माण ब्यबसायीले आवेदन पेश नगरेकोले सो कार्य सम्पन्न गर्नका लागि उपभोक्ता समिति गठन गरी उक्त संकलन केन्द्र निर्माण गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

**निर्णय नं. ५ (ख) :** मेहलकुना स्थित मालपोत कार्यालय र नापी कार्यालयबाट कम्प्यूटर र प्रिन्टर माग भई आएकोमा तपसिलबमोजिमका सामग्रीहरु नगरपालिकाको प्रशासनिक खर्चबाट भुक्तानी हुने गरी खरिद गरि हस्तान्तरण गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

तपसिल

| **क्र.सं.** | **कार्यालयको नाम** | **उपलब्ध गराइने सामग्रीहरु** |
|---|---|---|
| १ | मालपोत कार्यालय, मेहेलकुना | कम्प्यूटर डेस्कटप २ थान, प्रिन्टर १ थान |
| २ | नापी कार्यालय, मेहेलकुना | कम्प्यूटर डेस्कटप १ थान, प्रिन्टर १ थान |

**निर्णय नं. ५ (ग) :** यस भेरीगंगा नगरपालिकाबाट चालु आ.व.मा सम्झौता भई सम्झौता म्यादभित्र कार्य सम्पन्न हुन बाँकी योजनाको हकमा २०८० चैत्र मसान्तसम्म म्याद थप गर्ने । साथै सम्झौता हुन बाँकी रहेका योजनाहरुको हकमा फाल्गुण मसान्तसम्म सम्झौता गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

**निर्णय नं. ५ (घ) :** यस भेरीगंगा नगरपालिकाको वडा नं. ९ को जहरेमा निर्माण हुनलागेको १५ शैयाको नगर अस्पतालको जग्गा व्यवस्थापन सम्बन्धमा नगर अस्पताल निर्माणका लागि तपसिल बमोजिमका व्यक्तिहरुले तपसिल बमोजिमको क्षेत्रफल रहेको जग्गा उपलब्ध गराउने मन्जुर गरेकोले उक्त जग्गा खरिद

गर्ने प्रकृया अगाडी बढाँउने र सो जग्गाहरु नगर अस्पतालका लागि उपयुक्त भएनभएको अध्ययन गरी प्रतिबेदन पेश गर्न प्रमुख प्रशासकिय अधिकृतलाई जिम्मेवारी दिने निर्णय सर्बसम्मतिले पारित गरियो ।

तपसिल

| क्र.सं. | जग्गाधनीको नाम | गाविस | वडा नं. | हालको ठेगाना | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | राजु तिरुवा | मेहलकुना | ८ क | भेरीगंगा ९ | १२७४ | ०-९-०-० | |
| २ | कर्णबहादुर तिरुवा | मेहलकुना | ८ क | भेरीगंगा ९ | १२७३ | ०-९-०-० | |
| ३ | कृष्णा कामी | मेहलकुना | ८ क | भेरीगंगा ९ | १२७२ | ०-१२-०-० | |
| ४ | बिष्णु तिरुवा | मेहलकुना | ८ क | भेरीगंगा ९ | १२७१ | १-२-०-० | |
| ५ | खीमबहादुर कामी | मेहलकुना | ८ क | भेरीगंगा ९ | १३८७ | ०-७-०-० | |
| ६ | चक्रबहादुर कामी | मेहलकुना | ८ क | भेरीगंगा ९ | १३८६ | ०-७-०-० | |
| ७ | कुमारी कामी | मेहलकुना | ८ क | भेरीगंगा ९ | १३८८ | ०-७-०-० | |
| ८ | कर्णबहादुर कामी | मेहलकुना | ८ क | भेरीगंगा ९ | १३८९ | ०-७-०-० | |
| ९ | काली कामी तिरुवा | मेहलकुना | ८ क | भेरीगंगा ९ | ३०९ | २-१२-०-० | |
| १० | कर्णबहादुर बोहरा | मेहलकुना | ८ क | भेरीगंगा ९ | १०२५ | १-८-०-० | |